बालबालिकाका लागि बाइबल
को प्रस्तुती



# षिमषोन, परमप्रभुको बलियो मानिस

लेखन: Edward Hughes

चित्र: Janie Forest; Alastair Paterson

संयोजन: Lyn Doerksen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2021 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

धेरै अघि इस्राएलमा मानोह भन्ने एक व्यक्ति बस्थे। तिनको कोही बालकहरू थिएन। एकदिन परमप्रभुको दूत मानोहको स्वास्नीकहाँ देखा परे। “तिम्रो एउटा मुख्य बालक हुनेछ” भनी भन्नुभयो।



यो सुसमाचार तिनले तिनको पतिलाई बताइन्। मनोहले प्रार्थना गरे, "हे मेरा परमप्रभु, फेरि हामीमा आउनुहोस् अनि त्यस बालकलाई हामीले के सिकाउन पर्ने हो।"





अनि दूतले मनोहलाई भने कि
तिनले आफ्नो कपाल नकाटोस्,
न दाखमद्य पियोस् अनि
केही पक्का खाना नखाओस्।
इस्राएललाई अगुवाइ गर्न अनि
न्याय गर्न
परमप्रभुले
यस बालकलाई
छान्नुभएको
हो।





परमप्रभुका मानिसहरूले सहायता चाहन्थे।

तिनीहरूले परमप्रभुलाई आफ्नो जीवनबाट निकाले अनि पलिष्तीहरूबाट तिनीहरू सतावट भए। तर जब परमप्रभुले तिनीहरूको प्रार्थना सुने तब उहाँले यी बालकलाई संसारको सबैभन्दा षक्तिषाली मानिस बनाई पठाउनुभयो।

"यसैले ती स्त्रीले बालकलाई जन्माइन अनि तिनले उनका नाउँ षिमषोन राखे जब तिनी बढ़दै गए परमप्रभुले तिनलाई आषिश



दिनुभयो। अनि परमप्रभुको आत्मा तिनीसंगै हिँड़न लागे।" षिमषोन एकदमै बलियो बनिए। एकदिन एउटा जवान सिंहलाई तिनको नांगो हातले मारे।



पछि षिमषोनले सिंहको मरेको षरीरमा भएको मौरीको मह तिनले चाखे। तब तिनले तिनीहरूलाई भने, “खानेबाट खानेकुरा निस्क्यो, बलियोबाट गुलियो कुरो निस्क्यो।”



कसैले
यसको अर्थ
बुझ्न सकेन तर षिमषोनको
नयाँ स्वास्नी पलिष्तीनीले
उनीहरूको मित्रहरूलाई बताइन्।
यसले षिमषोन रिसाए।

षिमषोन अझै रिसाए जब पलिष्तीहरूले तिनको स्वास्नीलाई मित्रको स्वास्नी हुन दिए। तिनले बदला लिन योजना गरे। तर कसरी? पहिले, षिमषोनले 300 वटा स्यालहरू पक्रे। त्यसपछि तिनीहरूले दुइ दुइ गरी तिनको पुच्छर बाँदे अनि तिनीहरूको बीचमा आगो लगाए।



अनि पलिष्तीहरूको अन्नबारीमा स्यालहरूलाई छोड़िदिए।



अब पलिष्तीहरूले बदला चाहन्थे। षिमषोनले आफैलाई पकड़े, बाँधे अनि पलिष्तीहरूबाट मर्न आफैलाई सुम्पिए।



तर परमप्रभुको आत्मा षिमषोनमाथि आए। तिनले डोरीहरू चुड़ाए अनि मरेको ताजा गधाको दाँतको हड्डीले 1000 जना षत्रुहरू मारे।



पलिष्तीहरूले षिमषोनलाई खोज्ने झुण्डहरू बनाए। एकदिन तिनलाई तिनीहरूले षहरमा पक्रे अनि षहरका ढोकाहरू बन्द गरे। तर षिमषोन हिँड़े अनि षहरको ढोकाहरू तिनको काँधमा बोके।



तर षिमषोनले परमप्रभुलाई असफल बनाए। जतिबेसी षिमषोनले विष्वास गरे त्यति परमप्रभुले तिनलाई षक्ति दिनुभयो। एकदिन एक सुन्दरी पलिष्तीनी जासूस दलिलालाई तिनले आफ्नो रहस्य बताइदिए। षिमषोन सुतिरहेको बेला तिनको सबै कपाल काटिदिए।





तब पलिष्ती सेनाहरूले षिमषोनलाई दलिलाको सुत्ने कोठामा आक्रमण गरे। षिमषोनले मेहनत गरी लड़े तर उनको षक्ति गएको थियो। तिनको षत्रुहरूले तिनको आँखा निकालिदिए।



अन्धो अनि कमजोर षिमषोन पलिष्तीहरूको दास भए। परमप्रभुको दासमाथि तिनीहरूले हाँसो अनि गिल्ला गर्थे।

पलिष्तीहरूको भोज थियो अनि तिनीहरूले माछाको देवता दागोनलाई षिनषोनको बलि दिनआटेका थिए। तिनीहरूले दागोनको मन्दिरमा माते अनि आनन्द मनाए। अनि तिनीहरूले षिमषोनलाई तिनीहरूको अघि आउन भनी बोलाए।



एकजना केटोले षिमषोनलाई लिएर आए अनि मन्दिरको खाँबोमा बाँधे। जहाँ 3000 हजार पलिष्तीहरू धुरीमा अनि धेरैजना मन्दिरभित्र



तिनलाई गिल्ला गरिरहेका थिए।

तर षिमषोनको कपाल झ्यालखानमा बस्दा बढ्दै आए। अनि उनले प्रार्थना गरे, “हे परमप्रभु परमेष्वर, मलाई षक्ति दिनुहोस् ताकि म तिनीहरूलाई मेरो दुइवटा आँखाको लागि बदला लिनसकूँ।”





के परमेष्वरले षिमषोनको षक्ति फेरि दिनुभयो? के षिमषोनको लागि असम्भव हुन सके? हो! हो! जोड़संग त्यस षक्तिषाली पर्खाललाई तिनले भत्काइदिए। दागोनको मन्दिर सबै ध्वंस पारिदिए अनि हजारौ पलिष्तीहरू मारिए अनि षिमषोन पनि।

# षिमषोन, परमप्रभुको बलियो मानिस

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## न्यायकर्ता 13-16

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।”

भजनसंग्रह ११९:१३०

# समाप्त

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौं भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायतता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर।

यूहन्ना ३:१६